## ५. लेखा व्यवस्था

**१. VAT दर्ता भए पछि कुनकुन सूचना,कागजात तथा विवरणहरूको अभिलेख अनिवार्य रुपमा राख्नु पर्दछ ?**

*दर्ता भएको व्यक्तिले देहायका सूचना,कागजात तथा विवरणहरूको अभिलेख राख्नु पर्नेछ :-*

- *व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख ।*
- *आफूले जारी गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरू ।*
- *आफूले प्राप्त गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरू ।*
- *आफूले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरू ।*
- *आफूले खरीद र बिक्री गरेका वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने*
- *सम्पूर्ण डेबिट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरू ।*
- *अनुसूची-७, अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरीद बिक्री तथा मू.अ.कर लेखा खाताहरू ।*

**२. खाता प्रमाणित गर्नु भनेको के हो ?**

*अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरीद तथा बिक्री खाताहरू कर अधिकृतको दस्तखत गराई प्रमाणित गराउने काम ।*

**३. खाता कहिले कहिले प्रमाणित गर्नु पर्दछ ?**

*आर्थिक वर्ष समाप्त भएको मितिले २५ दिन भित्र अर्थात साउन २५ गते भित्र । तर चौमासिक कर विवरण बुझाउने सुविधा पाएका करदाताहरूले मंसिर २५ गते भित्र ।*

**४. के कर अधिकृतबाट खाता प्रमाणित नगराई प्रयोग गर्नु हुन्छ ?**

*हुदैंन ।*

**५. खाता प्रमाणित नगरि प्रयोग गरेमा के हुन्छ ?**

*ऐनको दफा २९(१) बमोजिम दश हजार रुपैया जरिवाना हुन्छ ।*

**६. VAT प्रयोजनका लागि प्रमाणित गरिएको खाता कति वर्षसम्म सुरक्षित राख्नु पर्दछ ?**

*६ वर्ष सम्म* सुरक्षित राख्नु पर्दछ ।

**७. आ.व. को सुरूमा प्रमाणित गरेको खाता आ.व. समाप्त नहुँदै सकियो, मैले के गर्ने ?**

*प्रमाणित गरेको खाता समाप्त हुनासाथ थप (नयाँ) खाता प्रमाणित गर्न निवेदन दिनु पर्दछ ।*

**८. गत वर्ष प्रमाणित गरेको खातामा यस आ.व. लाई पुग्ने जति पानाहरू बाँकी छन् के मैले खाता पुनः प्रमाणित गर्नुपर्दछ ?**

*पर्दैन ।*

**९. म आफ्नो कारोवारको लेखा कम्प्युटरमा राख्न चाहन्छु, मैले के गर्नुपर्छ ?**

*तपाईंले प्रयोग गर्न चाहेको सफ्टवेयरको विस्तृत विवरण सहित कार्यालयमा निवेदन दिनुपर्दछ । कार्यालयबाट स्वीकृती प्राप्त गरेर मात्र लेखा कम्प्युटरमा राख्न पाईन्छ । सफ्टवेयरमा ऐनले तोकेको ढाँचामा खरिद खाता,बिक्री खाता राख्ने र कर बीजक जारी गर्ने व्यवस्था हुनु पर्दछ । एकपटक जारी भईसकेको बीजक मेट्न नमिल्ने हुनु पर्दछ । संशोधन गर्नु पर्ने भएमा डेबिट नोट वा क्रेडिट नोटका माध्यमले मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ ।*

**१०. कर अधिकृत निरीक्षणका लागि मेरो कारोवार स्थलमा आएको/कर परीक्षणका वखत खाता प्रमाणित गरी माग्न मिल्छ ?**

*मिल्छ ।*

**११ . कस्तो कस्तो खरिदलाई खरिद खातामा प्रविष्ट गर्न हुन्छ ? कस्तोलाई हुदैंन ?**

*तलब ज्याला जस्ता खरिद बील नहुने खर्च बाहेक बीजक प्राप्त हुने सबै प्रकारका खरिद सम्बन्धी भुक्तानीहरूलाई खरिद खातामा प्रविष्ट गर्नु पर्दछ ।*

**१२. खरिद फिर्ता बिक्री फिर्तालाई कहाँ कसरी प्रविष्ट गर्ने ?**

*डेबिट नोट वा क्रेडिट नोट जारी गरी खरिद र बिक्री खातामा नै प्रविष्ट गर्नु पर्दछ ।*

**१३. ढिलो गरी प्राप्त गत महिनाको प्रविष्ट गर्न बाकी खरिद,बिक्री बिजक कसरी प्रविष्ट गर्नुपर्दछ ?**

*जुन महिनामा बीजक प्राप्त हुन्छ, सोही महिनामा प्रविष्ट गर्नुपर्दछ ।*

**१४. खरिद, बिक्री बिजक खातामा कहिले प्रविष्ट गर्नुपर्दछ ?**

*जारी गर्ने बित्तिकै ।*

**१५. कर अधिकृतले निरिक्षण गरेको समयमा खरिद, बिक्री बिजक खातामा प्रविष्ट नगरेको पाइएमा के हुन्छ ?**

*ऐन बमोजिम कर अधिकृतले रु.१०००० जरिवाना गर्न सक्दछ ।*